# परिच्छेद- २
# नेपालमा सहकारीको विद्यमान स्थिति

## २.१ नेपालमा सहकारिताको विकास

सहकारी क्षेत्रको प्रवर्द्धन तथा नियमनका लागि तत्कालीन सरकारलेवि.सं. २०१० सालमा सहकारी विभागको स्थापना गरेको हो । वि.सं २०११ सालमा चितवनका बाढीपीडित जनतालाई व्यवस्थित बसोबास गराउन सहकारी अवधारणाअनुरूप राप्तिदुन बहुमुखी विकास योजना प्रारम्भ गरिएको थियो । सहकारी अभियानलाई संस्थागत गर्ने क्रममा वि.सं. २०१३ सालमा सरकारी कार्यकारी आदेशमा चितवन जिल्लाको शारदा नगरमा असीमित दायित्व भएको ऋण सहकारी संस्था लगायतका १३ वटा सहकारी संस्थाहरूको विधिवत् स्थापना गरिएको थियो। स्थापित गरिएका सहकारी संस्थाहरूको मुख्य उद्देश्य कृषकहरूलाई दैनिक जीविका तथा खेतीपातीको लागि कृषिकर्जा उपलब्ध गराउनु, कृषि उपजको खरिद-बिक्री र कृषिको लागि मल, बीउ तथा अन्य सामग्रीको व्यवस्था गर्नु थियो। यसप्रकार नेपालमा सहकारिताको सुरुवात ऋण सहकारीबाटभएको पाइन्छ। सहकारी संघ संस्थाहरूको गठन तथा दर्ता प्रक्रियालाई वैधता प्रदान गर्न कानुनी व्यवस्था गर्ने उद्देश्यले २०१६ सालमा सर्वप्रथम सहकारी संस्था ऐन, २०१६ लागू गरियो। यस ऐनबाट सहकारिताको संस्थागत विकासका लागि ठूलो मद्दत पुग्न गएको देखिन्छ। सहकारी ऐन,२०१६ अनुसार नै सहकारीको व्यवस्थापन तथा नियन्त्रण सरकारद्वारा गरिन्थ्यो ।

नेपाल सरकारले तर्जुमा गरेको प्रथम पञ्चवर्षीय योजनाकाल (वि.सं २०१३ साल) देखि चौधौं योजना अवधिसम्मका प्रत्येक योजनामा सहकारी आन्दोलनको विकासका लागि कुनै न कुनै नीति तथा कार्यक्रममा सम्बोधन गरिएको पाइन्छ। सहकारीको लागि वित्तीय व्यवस्था सुव्यवस्थित गर्न सहकारी बैंक ऐन, २०१९ अन्तर्गतवि.सं. २०२० भाद्रमा सहकारी बैंक स्थापनागरिएको हो। सो बैंक स्थापना अघि सहकारीलाई आवश्यक पुँजीको प्रवाह जिल्लास्थित ग्रामीण विकास कार्यालयमार्फत हुने गर्दथ्यो। वि.सं. २०२४ कात्तिक ६ गतेबाट कृषि विकास बैंकको स्थापना सँगसँगै सहकारी बैंकलाई सोही बैंकमा समाहित गरी सहकारी संस्थाहरूलाई उक्त बैंकबाट कर्जा प्रवाह गर्ने व्यवस्था गरियो। वि.सं. २०४६ मा देशमा राजनीतिक परिवर्तनपश्चात् तत्कालीन साझा केन्द्रलाई विघटन गरी सहकारी क्षेत्रको प्रवर्द्धन तथा विकासका लागि स्वायत्त, स्वशासित र संगठित संस्थाको रूपमा राष्ट्रिय सहकारी विकास बोर्ड ऐन, २०४९ अनुरूप "राष्ट्रिय सहकारी विकास बोर्ड" को गठन गरियो। साविककोसाझा संस्था ऐन, २०४१ खारेज गरी सहकारी ऐन, २०४८ लागू गरी सहकारी सिद्धान्तअनुरूपसहकारी सदस्यहरूको आर्थिक तथा सामाजिक स्तर उकास्न प्रारम्भिक संस्था, विषयगत संघ, जिल्ला सहकारी संघ, केन्द्रीय सहकारी संघ र राष्ट्रिय सहकारी संघ गठन गर्न सकिने व्यवस्था गरियो । विश्वमा सहकारीको विकासका लागि छाता संगठन अन्तर्राष्ट्रिय सहकारी महासंघको सदस्यता नेपालले वि.सं २०५४ मा प्राप्त गरेको हो । सहकारी संघ संस्थाहरूको प्रवर्द्धन तथा विकासका लागि आवश्यक बैंकिङ सेवाहरू सहज तुल्याउन वि.सं. २०६० आषाढमा राष्ट्रिय सहकारी बैंक लिमिटेड स्थापना भई क्रियाशील रहेकोछ। सरकारद्वारा वि.सं २०६९ माराष्ट्रिय सहकारी नीति, पारित गरेर स्थानीय श्रम, सीप र पुँजीलाई अधिकतम रूपमा परिचालन गर्ने गरी सहकारीलाई अर्थतन्त्रको एक सबल स्तम्भको रूपमा

विकसित गर्दै आर्थिक तथा सामाजिक विकासको राष्ट्रिय लक्ष्यमा योगदान पुऱ्याउने दीर्घकालीन लक्ष्य हासिल गर्नका लागि विभिन्न उद्देश्यहरू निर्धारण गरी तदनुरूपका रणनीतिहरू तथा कार्यनीतिहरू तोकिएका छन् ।

नेपालको संविधान(२०७२)द्वारानिर्दिष्ट गरिएको निर्देशक सिद्धान्तलेसार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतिशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने आर्थिक उद्देश्य लिएको छ[1]। संविधानद्वारा निर्दिष्ट अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने र सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने बुँदाहरू उल्लेख गरिएका छन्[2] ।यसैगरी राज्य शक्तिको अधिकारबाँडफाँडको सन्दर्भमासंविधानद्वाराशासन व्यवस्थाको विभिन्न तहको एकल अधिकार सूची र साझा अधिकार सूचीमा सहकारीसम्बन्धी प्रावधानहरू स्पष्ट गरिएका छन्[3] ।नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले संविधानमा व्यवस्था भएको विभिन्नतहको एकल तथा साझा अधिकार सूचीको विस्तृतीकरण भएबमोजिम विभिन्न तहमा सहकारीसम्बन्धी अधिकारबारे पनि स्पष्ट पारिएको छ ।जसअनुसार संघको अधिकार तथा कार्य विस्तृतीकरणमा सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड, समन्वय र नियम सम्बद्धकार्यहरूलाई समावेश गरिएको छ । प्रदेशको अधिकार क्षेत्रअन्तर्गत सहकारीसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमनसम्बद्ध अधिकारहरू उल्लेख गरिएका छन् । सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन, नियमन, स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी, विघटन र सहकारी संस्थाको प्रवर्द्धन र विकास लगायतका कार्यहरू स्थानीयस्तरबाट हुने गरी कार्य विस्तृतीकरण गरिएकोछ[4] ।

नेपालको विगतकाआवधिक योजनाहरूमा सहकारी क्षेत्रको विकासको सम्बन्धमा विभिन्न उद्देश्य,रणनीति तथा कार्यनीतिहरू निर्दिष्ट गरिएको पाइन्छ।चौधौं योजना (२०७३-७६)को अवधारणामासहकारिताको माध्यमबाट स्थानीय स्रोत, श्रम, सीप र पुँजीको अधिकतम परिचालन गर्दै दीर्घकालीन सोचसहित सहकारीमा आधारित आर्थिक विकासमार्फत मुलुकको दिगो र समतामूलक आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनुका साथै सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्ने उद्देश्यहरू निर्धारण गरिएका छन् । वर्तमान सन्दर्भमापच्चीस वर्ष पुरानो सहकारी ऐनलाईसमसामयिक तुल्याउन वि.सं. २०४८ को सहकारी ऐनलाई प्रतिस्थापन गर्ने गरी संसद्वाट सहकारी ऐन, २०७४ हालै मात्र पारित भई सकेकोले राष्ट्रपतिवाट अनुमोदन भएपछि लागू हुनेछ ।नयाँ सहकारी ऐनलेसहकारीकोकार्यक्षेत्र एवं संस्थागत दायरालाई विस्तृत गरी मुलुकको आर्थिक तथा सामाजिक विकासमा उल्लेख्य योगदान गरी सहकारी सदस्यहरूको समृद्धि तथा जीवनस्तर उकास्नका

---

1 नेपालको संविधान (२०७२): धारा५०(३)

2 नेपालको संविधान (२०७२): धारा ५१(घ)

3 नेपालको संविधान (२०७२): धारा ५७, अनुसूची ८ र ९

4 संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण, संघीयता कार्यान्वयन तथा प्रशासन पुनःसंरचना समिति, २०७३ माघ

लागिसमुदायमा आधारित एवं सदस्य केन्द्रित उद्यमको रूपमा अघि बढाउन सहकारी संस्थाको सञ्चालनमा प्रभावकारिता एवं सुशासन अभिवृद्धि गर्नमा सघाउ पुग्ने अपेक्षा गरिएकोछ ।

यसैगरी दिगो विकास लक्ष्यको रूपमा विश्वका १९३ मुलुकहरूले हस्ताक्षर गरी सन् २०३० सम्मका लागि तय गरेका विकासका साझा लक्ष्यहरू, जसलाई सन् २०३० सम्मका विकास एजेन्डाको रूपमा कायम गरिएका १७ वटा लक्ष्य र १६९ वटा गन्तव्य (Target) सँग सहकारी क्षेत्रको प्रत्यक्ष एवं परोक्ष सरोकार रहेको छ ।नेपालमा दिगो विकासका लक्ष्यहरू कार्यान्वयनसम्बन्धी राष्ट्रिय प्रतिवेदन, २०७३ मा दिगो विकास सम्बद्ध लक्ष्यहरू हासिल गर्न सहकारी क्षेत्रको योगदान र सम्भावनाहरूबारे बुँदागत आधारमा पहिचान गरिएको छ । यस प्रतिवेदनमा गरिबी निवारण, खाद्य सुरक्षा तथा पोषण, लैङ्गिक समानता, गुणस्तरीय शिक्षा, स्वस्थ जीवन, दिगो एवं स्वच्छ ऊर्जा आपूर्ति र रोजगारी सृजनालगायतका सामाजिक तथा आर्थिक विकाससम्वद्ध आयामहरूमा सहकारी क्षेत्रबाट सकारात्मक प्रभाव पर्न सक्ने सम्भावनाहरूबारे विवेचना गरिएको पाइन्छ ।[5]विगत छ दशकको अवधिमा नेपालको सहकारी क्षेत्र विभिन्न चरणहरू पार गर्दै हालको अवस्थामा आइपुगेको छ ।

## २.२ नेपालमा सहकारीको समग्रस्थिति

नेपालमा सहकारीसंस्थाहरूको संख्यामा प्रत्येक वर्षक्रमिक रुपमा वृद्धि भइरहेको देखिन्छ । आर्थिक सर्वेक्षणअनुसार २०७३ फागुनसम्ममा मुलुकभर ३४,३०३प्रारम्भिकसहकारी संस्थाहरू दर्ता भएका रसहकारी सदस्य संख्या ६१.०३ लाखपुगेको छ ।वित्तीय क्षेत्रतर्फकुलपुँजी लगानी रु. ७५.७४ अर्ब, कुल बचत तथा निक्षेप रु. २.९९ खर्बर ऋण लगानी रु. २.९३ खर्बपुगेको देखिन्छ ।[6]

सहकारी विभागको आर्थिक वर्ष २०७२/७३ सम्मकोआँकडाबमोजिमसमग्र सहकारी क्षेत्रमा मुलुकभरका३३,५९९प्रारम्भिकसहकारी संस्थाहरूमा सहकारी सदस्य संख्या ६०.३१लाख उल्लेख भएकोछ ।कुललैङ्गिक अनुपातलाई हेर्दा सहकारी सदस्यहरूमा (महिला ५१ प्रतिशत र पुरुष ४९ प्रतिशत),सहकारी सञ्चालकहरू २.३२ लाखमध्ये (महिला३९ प्रतिशत र पुरुष ६१ प्रतिशत) र सहकारी कर्मचारीहरू ५६.४८ हजारमा (महिला ४७ प्रतिशत र पुरुष ५३ प्रतिशत) उल्लेख गरिएको छ । वित्तीय क्षेत्रतर्फकुलपुँजी लगानी रु. ७१.३५ अर्ब, कुल बचत तथा निक्षेप रु. २.९६ खर्बर ऋण लगानी रु. २.८९ खर्बदेखिन्छ (तालिका– २.१) ।

---

5 National Report on the Implementation of the 2030 Agenda for Sustainable Development, National Planning Commission of Nepal, 2017

6 आर्थिक वर्ष २०७३/७४ को आर्थिक सर्वक्षण, अर्थ मन्त्रालय

तालिका- २.१

**नेपालमा सहकारी क्षेत्रको समष्टिगत स्थिति**

**आ.व. २०७२/७३ सम्मको**

| क्र.सं. | विवरण | इकाई | नेपालको जम्मा |
|---|---|---|---|
| १ | सहकारी संस्था | संख्या | ३३,५९९ |
| २ | सहकारी सदस्य | संख्या लाखमा | ६०.३१ |
| ३ | सहकारी सञ्चालक | संख्या लाखमा | २.३२ |
| ४ | सहकारी कर्मचारी | संख्या हजारमा | ५६ ४८ |
| ५ | सेयर पुँजी | रु.अर्बमा | ७१.३५ |
| ६ | बचत तथा निक्षेप | रु.अर्बमा | २९५.७३ |
| ७ | लगानी तथा अन्य | रु.अर्बमा | २८९.८३ |

स्रोतः सहकारी विभाग

द्रष्टव्यः यो प्रतिवेदन तयार हुँदा सम्ममा सहकारी विभागद्वारा आ.व. २०७३/७४ सम्मको तथ्यांक सार्वजनिक नभएवाट अघिल्लो आ.व. २०७२/७३ को तथ्यांकमा आधारित विश्लेषण गरिएकोछ ।

## २.३ विषयगत सहकारी संस्थाहरूकोविद्यमान स्थिति

विषयगत आधारमाकुल प्रारम्भिकसहकारी संस्थामध्ये ३७ प्रतिशत कृषि उत्पादनसम्वद्ध सहकारी संस्थाहरू, १६ प्रतिशत गैरकृषि उत्पादनमूलक (बहुउद्देश्यीयसमेत) सहकारी संस्थाहरू,४१ प्रतिशतवित्तीय (बचत तथा ऋण) सहकारी र ६ प्रतिशतसेवामूलक सहकारी संस्थाहरू रहेको देखिन्छ ।[7] त्यसैगरी सहकारी विभागद्वारा प्रकाशितआँकडअनुसार आर्थिक वर्ष २०७२/७३ सम्ममा ६९ वटाजिल्ला संघ, २५६ वटा विषयगतजिल्लासहकारी संघ, २० वटा विषयगतकेन्द्रीयसहकारी संघ(संलग्न अनुसूची १(क)र राष्ट्रिय सहकारीसंघ गरी जम्मा ३४६ वटा विभिन्न स्तरका सहकारी संघहरू र एउटा राष्ट्रिय सहकारीबैंकसमेत क्रियाशील रहेका छन् ।[8] विषयगत केन्द्रीय सहकारी संघहरूमध्ये ११ वटा संघ कृषिसँग सम्वन्धित छन् ।

[7] नेपालमा सहकारी संघ संस्थाहरूको तथ्यांक, २०७४ वैशाख, सहकारी विभाग

[8] नेपालमा सहकारी संघ संस्थाहरूको तथ्यांक, २०७४ वैशाख,सहकारी विभाग

## कुल प्रारम्भिकसहकारीसंस्थाहरूकोविषयगत अनुपात




राष्ट्रिय सहकारी विकास बोर्डको संयोजनमासाविककापाँच विकास क्षेत्रका प्रारम्भिकसहकारी सहकारी संस्थाहरूमध्येबाटआर्थिक वर्ष २०७०/७१ देखि आर्थिक वर्ष २०७२/७३ को अवधिमापच्चीस जिल्लाबाट ५९१ वटा सहकारी संस्थाकोसर्वेक्षण सम्पन्न गरी“नेपालमा सहकारी संस्थाहरूकोएकीकृत अध्ययन प्रतिवेदन” तयार गरिएकोछ । पच्चीस जिल्लामा सर्वेक्षण गरिएका विषयगत सहकारी संस्थाहरूमध्ये २५६ वटा बचत तथा ऋण सहकारी संस्था, १८४ वटा कृषिजन्य उत्पादन सहकारी संस्था, १०७ वटा उत्पादनमूलक (कृषि उपजबाहेकका) तथा बहुउद्देश्यीय सहकारी संस्था र ४४ वटा सेवामूलक सहकारी संस्थाहरू पर्दछन् । यस सर्वेक्षणको दौरानमा पच्चीस जिल्लास्थित जिल्ला सहकारी संघहरू, उपलव्ध विषयगत जिल्ला सहकारी संघहरू र विद्यमान डिभिजन सहकारी कार्यालयहरू समेतको उपस्थितिमा अन्तरक्रिया तथा छलफल गरिएको र ती निकायहरूसँगको संयोजनमासर्वेक्षण गरिने सहकारी संस्थाहरूको छनोट गरिएको थियो । सर्वेक्षणको नतिजाअनुसारविषयगत प्रारम्भिक सहकारी संस्थाको समष्टिगत स्थिति निम्नअनुसार पाइएको छ[9] ।

### २.३.१सहकारी सदस्यता

सर्वेक्षणअनुसार महिला सदस्यको अनुपात ५४.१२ प्रतिशत देखिन्छ भने पुरुषको सदस्यको औसत संख्या अनुपात ४५.८८ प्रतिशत हुन्छ ।कृषि सहकारीमामहिला सदस्य ६१ प्रतिशत रहेको पाइन्छभनेगैरकृषिजन्य उत्पादनमूलक (बहुउद्देश्यीयसमेत) सहकारी संस्थामा महिला सदस्य ५८ प्रतिशतरहेकोदेखिन्छ। यसैगरी बचत तथा ऋण सहकारी संस्थामा महिला सदस्य ५२ प्रतिशत र

[9] नेपालमा सहकारी संस्थाहरूकोएकीकृत अध्ययन प्रतिवेदन, २०७३, राष्ट्रिय सहकारी विकास बोर्ड

सेवामूलक सहकारी संस्थामा महिला सदस्य २५ प्रतिशत रहेको छ। साथैसर्वेक्षण गरिएका सहकारी संस्थाहरूमा समावेशिताको अनुपातलाई हेर्दा कृषि सहकारीमा ५६ प्रतिशत, उत्पादनमूलक (बहुउद्देश्यीयसमेत) सहकारी संस्थामा४६प्रतिशत, बचत तथा ऋण सहकारी संस्थामा ५३प्रतिशत र सेवामूलक सहकारी संस्थामा ५७प्रतिशत रहेको देखिन्छ।

### २.३.२सहकारी संस्थामा युवा सहभागिता

सर्वेक्षणअनुसार कृषिजन्य उत्पादन सहकारी संस्थाका कुल सदस्यमध्ये ४८ प्रतिशत युवासहभागिता रहेकोर गैरकृषिजन्य उत्पादनमूलक (बहुउद्देश्यीयसमेत) सहकारी संस्थाका जम्मा सदस्यमध्ये ३५ प्रतिशत युवा सदस्य रहेको देखिन्छ। यसै गरी सर्वेक्षणमा समेटिएका बचत तथा ऋण सहकारी संस्थाका ३२ प्रतिशत युवा सदस्य रहेका छन्भने सेवामूलकसहकारी संस्थामा २६ प्रतिशत युवा सदस्य रहेको पाइएको छ।

### २.३.३विषयगत सहकारी संस्थाद्वारा रोजगारीमा योगदान

सर्वेक्षणअनुसारकृषिजन्य सहकारी संस्थाहरूमासदस्यमध्ये करिब ५९ प्रतिशत सदस्य प्रत्यक्ष वा अप्रत्यक्ष (आंशिक) रूपले कृषि कार्यमा क्रियाशील रहेको पाइएको छभनेगैरकृषिजन्य उत्पादनमूलक (बहुउद्देश्यीयसमेत) सहकारी संस्थाका करिब ३३ प्रतिशत सदस्य मात्र प्रत्यक्ष वा अप्रत्यक्ष (आंशिक) रूपले गैरकृषिजन्य उत्पादनमूलक कार्यमा रोजगार भएको पाइएको छ।बचत तथा ऋण सहकारी संस्थाको हकमाजम्मा सदस्यमध्ये करिब ४ प्रतिशत सदस्य मात्र संस्थामा नियमित वा आंशिक रूपले रोजगारीमा क्रियाशील छन् भनेसेवामूलक सहकारी संस्थाका सदस्यमध्ये करिब २२ प्रतिशत नियमित वा आंशिक रूपले सेवा क्षेत्रमा रोजगारीमा संलग्नछन्।

### २.३.४सहकारी संस्थाहरूकोऔसतवित्तीय स्थिति

#### (१) सेयर पुँजीको अनुपात

कृषिजन्य उत्पादन सहकारी संस्थाहरूमा भएको सेयरपुँजीको औसत रकम रु.१५.५७ लाख रहेको र उत्पादनमूलक (कृषि उपजबाहेकका) तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूमा भएको सेयर पुँजीको औसत रकम रु. ५९.३०लाख रहेको पाइएको छ।बचत तथा ऋण सहकारी संस्थाहरूमा भएको सेयर पुँजीको औसत रकम रु. ६२.०३ लाखरसेवामूलक सहकारी संस्थाहरूमा सेयर पुँजीको औसत रकम रु.२१.२० लाख रहेको छ।

#### (२) पुँजी संरचना

कृषिजन्य उत्पादन सहकारी संस्थाहरूको कुल पुँजी संरचनालाई विश्लेषण गर्दा औसत पुँजी प्रतिसंस्था रु. १२४.११ लाख र उत्पादनमूलक (कृषिउपजबाहेकका) तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूको कुल पुँजीप्रतिसंस्था रु.४६५.९६ लाख रहेको छ।बचत तथा ऋणसहकारी संस्थाहरूको औसतपुँजीरु. ४९९.०७ लाख रहेको देखिन्छ भने सेवामूलक सहकारी संस्थाहरूमा औसत पुँजी रु. ६८.५३ लाख रहेको देखिन्छ।

## (३) सहकारी कोषहरू

सर्वेक्षणमा समेटिएकासहकारी संस्थाहरूको जगेडा कोषबाहेकका अन्य कोषहरूको औसतकोष रु. १०.५८ लाख रहेको देखिन्छ ।विभिन्न सहकारी संस्थाहरूले घाटा पूर्ति कोष, डुबन्ते ऋण कोष, सेयर लाभांश कोष, संरक्षित कोष, सहकारी शिक्षा कोष, सहकारी विकास कोष, कर्मचारी बोनस कोष लगायतका कोषहरू स्थापना गरेका छन् । यी कोषहरूमा रहेको रकम भनेसहकारी संस्था विशेष भने अन्तर देखिन्छ ।कृषिजन्य सहकारी संस्थाको विभिन्न कोषहरूमा गरी प्रतिसंस्था औसतमा जम्मा कोष रु. ४.४७ लाख रहेकोर उत्पादनमूलक (कृषि उपजबाहेकका) तथा बहुउद्देश्यीय सहकारी संस्थाको विभिन्न कोषहरूमा गरी प्रतिसंस्था औसतमा जम्मा कोष रु. २२.३६ लाख रहेको पाइएको छ ।बचत तथा ऋण सहकारी संस्थाको विभिन्न कोषहरूमा गरी प्रतिसंस्था औसतमा जम्मा कोष रु.१३.५१ लाख रहेकोर सेवामूलक सहकारी संस्थाको विभिन्न कोषहरूमा गरी प्रतिसंस्था औसतमा जम्मा कोष रु. १.९७ लाख मात्र रहेको देखिन्छ ।

## (४) ऋण लगानी

सर्वेक्षण गरिएका कृषिजन्य सहकारी संस्थाहरूको औसत ऋण लगानी कुल ७४.०९ लाख भएको देखिन्छ ।उत्पादनमूलक (कृषिउपजबाहेकका) तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूको औसत ऋण लगानी कुल ४६४.०२ लाख भएको देखिन्छ ।बचत तथा ऋण सहकारी संस्थाहरूको औसत ऋण लगानी कुल रु. ५११.१३ लाख भएको देखिन्छ ।सेवामूलक सहकारी संस्थाहरूको औसत ऋण लगानी कुल २२.०० लाख देखिन्छ ।

## (५) सहकारीमा बचत तथा ऋणकाब्याज दरहरू

विभिन्न प्रकारका सहकारी संस्थाहरूले बचतमा दिने ब्याजका दरहरू (५ देखि १० प्रतिशत) तथा ऋणमा (१० देखि २४ प्रतिशत) लिने ब्याजका दरहरूमा क्षेत्रगत एवं जिल्लागत आधारमा भिन्नता पाइन्छ ।समग्रमा कृषिजन्य उत्पादन संस्थाहरूले बचतमा हाल दिने गरेको ब्याजदर वित्तीय संस्था तथा बैंकहरूको बचत ब्याजदरको तुलनामा बढी भएबाट यसबाट सदस्यहरूबाट बचत संकलन गर्नमा प्रोत्साहित गरेको छ ।बचत र ऋणको बीचमा व्याजका दरबीचको भिन्नता छ प्रतिशतको हाराहारीमा रहने भनिएतापनि विशेष गरेर अल्पकालीन अवधि (सात दिन, पन्ध्र दिन, एक महिना, तीन महिना जस्ता छोटो समय) का लागि दिइने ऋणमा व्याजका वार्षिक दरहरू उच्च हुने गरेको पाइएकोछ ।सर्वेक्षण गरिएका अधिकांश सहकारी संस्थाहरूद्वारा गरिने ऋण लगानी गर्दाको समयमा २ प्रतिशतसम्म सेवा शुल्क लिने गरेको पाइएको छ ।

## (६) वार्षिक कारोबारको स्थिति

सर्वेक्षण गरिएका कृषिजन्य उत्पादन सहकारी संस्थाहरूको वार्षिक कारोबार मूल्य औसतमा प्रतिसहकारी संस्था वार्षिक रु.१६५.७७ लाख बराबरको कारोबार भएको देखिन्छ। उत्पादनमूलक (कृषिउपजबाहेकका) तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूको सम्बन्धमा उपलब्ध आँकडाअनुसार औसतमा प्रतिसहकारी संस्था वार्षिक रु.५.६३ करोड बराबरको कारोबार भएको पाइएको छ। बचत तथा ऋण सहकारी संस्थाहरूको समग्रमा विभिन्न आर्थिक वर्षको वित्तीय आँकडालाई एकैसाथ विश्लेषण गरिँदा औसतमा प्रतिसहकारी संस्था वार्षिक रु.४.१८ करोड बराबरको कारोबार भएको

देखिन्छ।सेवामूलक सहकारी संस्थाहरूको वार्षिक कारोबार मूल्य औसतमा प्रतिसहकारी संस्था रु.६०.९३ लाख बराबरको कारोबार भएको देखिन्छ।

### (७) सहकारी संस्थाको सम्पत्ति विवरण

कृषिजन्य उत्पादन सहकारी संस्थाहरूको प्रतिसहकारी संस्थाऔसत कुल सम्पत्ति रु. १०२.७९ लाखमध्ये चालु सम्पत्ति ८८.७४ लाख (८६.३ प्रतिशत)रहेको छ भने स्थिर सम्पत्ति कुल रु. १४.०५ लाख (१३.७ प्रतिशत) रहेको छ।उत्पादनमूलक (कृषि उपजबाहेकका) तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूको प्रतिसहकारी संस्था कुल सम्पत्ति रु. ९२.५८ लाखमध्ये चालु सम्पत्ति ७४.३२ लाख (८०.३ प्रतिशत) रहेको छ भने स्थीर सम्पत्ति कुल रु. १८.२६ लाख (१९.७ प्रतिशत) रहेको छ। बचत तथा ऋण सहकारी संस्थाहरूको प्रतिसहकारी संस्था कुल सम्पत्ति रु. ३.१४ करोडमध्ये चालु सम्पत्ति रु.२.८४ करोड (९०.४)प्रतिशत रहेको छ भने स्थीर सम्पत्ति कुल रु. ३० लाख अर्थात् (९.६ प्रतिशत)रहेको छ।सेवामूलक सहकारी संस्थाहरूको प्रतिसहकारी संस्था कुल सम्पत्ति रु. ५६.०४ लाखमध्ये चालु सम्पत्ति १९.२८ लाख (३४.४ प्रतिशत) रहेको छ भने स्थीर सम्पत्ति कुल रु. ३६.७८ लाख (६५.६ प्रतिशत) रहेको पाइएको छ।

### (८) मुनाफा तथा लाभांशको स्थिति

सर्वेक्षण गरिएका सबै प्रकारकासंस्थाहरूमध्ये समग्रमा करिब ७५ प्रतिशत सहकारी संस्थाहरू मुनाफा आर्जन गर्नमा सक्षम पाइएको छ।मुनाफा आर्जनको अनुपातलाई हेर्दाउत्पादनमूलक (बहुउद्देश्यीयसमेत) सहकारी संस्था (प्रतिसंस्था औसत रु.१२.६२ लाख) र बचत तथा ऋण सहकारी संस्थाको (प्रतिसंस्था औसत रु.१०.९४ लाख)पाइएको छ। कृषि सहकारी संस्थामा मुनाफा आर्जनको अनुपातऔसत रु.३.८७ लाख)रहेको देखिन्छ भनेसेवामूलक सहकारी संस्थामामुनाफा आर्जनको अनुपात औसत रु.१.६० लाख)रहेको छ।

मुनाफा आर्जन गर्ने सहकारी संस्थाहरूमध्ये करिब ८० प्रतिशतले लाभांश वितरण गरेको पाइएको छ।लाभांशको अनुपात १ देखि १५ प्रतिशतसम्म पाइएको छ।मुनाफा आर्जन गरेर लाभांश वितरण नगर्नका कारणहरूमा मुनाफा रकम कम भएर वा संस्थाको भौतिक पूर्वाधारको विकास गर्न वा संस्थाको तरलता विस्तार गर्न जगेडा कोष वृद्धि गर्ने जस्ता कारणहरू देखाएका छन्।

### (९) सहकारीमा वित्तीय जोखिम व्यवस्थापन

सहकारी संस्थाहरू सबैले बचत संकलन गर्ने र ऋण प्रवाह गर्ने जस्ता वित्तीय कारोबारहरू गर्ने हुँदा सोको कारण सृजना हुन सक्ने वित्तीय जोखिम व्यवस्थापन गर्नेतर्फ सहकारी संस्थाहरू सचेत रहेको देखिन्छ। सहकारी कानुन, नियमावली र निर्देशिकाद्वारा तोकिएबमोजिम मुनाफा रकमबाट घाटा पूर्ति कोष, डुब्ने ऋण कोष, सेयर लाभांश कोष, संरक्षित कोष जस्ता कोषहरूमा जम्मा गरेर सदस्यहरूको बचत तथा लगानीलाई सुरक्षित गर्नेतर्फ केहीपहल गरिएको पाइन्छ।तर ठूलो परिमाणमा वित्तीय कारोबार गर्ने र सर्वसाधारणबाट समेत सामान्य सदस्यता प्रदान गरेर बचत तथा ऋणको कारोबार गर्ने बढ्दो प्रवृत्तिले गर्दा सहकारी संस्थाहरूमा वित्तीय जोखिमको उचित व्यवस्थापन भएको छ भन्ने अवस्था भने छैन।

### २.३.५ सहकारी संस्थाको संस्थागत क्षमता सम्बद्ध बुँदाहरू

**(१) सहकारी संस्थाको संस्थागत आबद्धता**

सर्वेक्षणको आँकडाअनुसार अधिकांशविषयगत सहकारी संस्थाहरू (८३.५ प्रतिशत) जिल्ला सहकारी संघमा आबद्ध रहेका छन्। यसैगरी ६१ प्रतिशत सहकारी संस्था जिल्लास्थित विषयगत सहकारी संघमा आबद्ध रहेका छन्। साथै ३५.३ प्रतिशत कुल प्रारम्भिक जिल्ला सहकारी संस्थाहरू केन्द्रीय विषयगत सहकारी संघमा तथा ४५ प्रतिशत राष्ट्रिय सहकारी बैंकमा आबद्ध छन्। यसरी जिल्लास्थित विषयगत प्रारम्भिक सहकारी संस्थाहरू केन्द्रीय विषयगत सहकारी संघको सदस्य हुने प्रवृत्ति पनि बढ्दै गएको पाइएको छ।

**(२) सहकारी संस्था तथासदस्यलाई उपलब्ध सेवा तथा सहयोग**

कतिपय प्रारम्भिक सहकारी संस्थाहरूलेविभिन्न तहमा रहेका सरकारी, गैरसरकारी, वैदेशिक तथा सामाजिक संस्थाहरूबाट अनुदानलगायत विभिन्न किसिमका सहयोगहरू प्राप्त गर्दै आएका छन्। यसरी प्राप्तहुने सहयोग प्रारम्भिक सहकारी संस्थाका कार्यप्रकृतिअनुसार फरक फरक हुने गरेका पाइन्छन्। केही सहकारी संस्थाका सदस्य तथा कर्मचारीहरूलाई सरकारी निकाय तथा विभिन्न संघसंस्थाद्वारा सहकारी व्यवस्थापनसम्वद्ध विषयहरूमा तालिम तथा अभिमुखीकरणसमेत प्रदान गर्दै आएका छन्।विशेष गरेरकृषिजन्य सहकारी सदस्यहरूलाईबीउबिजन, कृषि उपजको प्रशोधन तथा बजारीकरणमा सहयोग प्रदान गर्दै आएको पाइन्छ। यसैगरी विभिन्न सहकारीसदस्य तथा कर्मचारीहरूलाईसहकारी संघ तथा संस्थाद्वाराविभिन्न विषयहरूमा तालिम तथा अभिमुखीकरणसमेत प्रदान गरिएको देखिएको छ।

**(३) सहकारी संस्थाले अवलम्बन गरेका कार्यविधिहरू**

समग्रमा सर्वेक्षण गरिएका अधिकांश सहकारी संस्थाले ऋण लगानी तथा असुलीसम्बन्धी कार्यविधिहरू लागू गरेको पाइन्छ। तर आफ्नो दैनिक कार्यलाई नियमित एवं अनुशासित ढंगबाट सञ्चालन गर्ने वित्तीय व्यवस्थापनसम्बन्धी, कर्मचारी व्यवस्थापनसम्बन्धी रआचारसंहितासम्बन्धी कार्यविधिहरू भने करिब आधाजसोले मात्र लागू गरेको पाइन्छ।

**(४) सहकारी संस्थाको सामाजिक क्षेत्रमा योगदान**

आर्थिक रूपमा सक्षम सहकारी संस्थाहरूद्वारा सामाजिक जिम्मेवारीलाई बोध गरी विभिन्न सामाजिक सेवाहरूमा सघाउ पुऱ्याएको पाइएको छ।सहकारी सदस्यहरूलाई स्वास्थ्य उपचारमा सहयोग गर्ने, न्यून आय भएका सदस्यका जेहेनदार परिवारलाई शैक्षिक छात्रवृत्ति प्रदान गर्ने, स्थानीय समुदायलाई एम्बुलेन्स सेवा प्रदान गर्ने, वृक्षरोपण, वातावरण संरक्षण तथा सरसफाइमा सहयोग गर्ने, सहकारी संस्थाका ज्येष्ठ नागरिकलाई सम्मान तथा भेटघाट, स्थानीयस्तरमा बालबालिका तथा युवावर्गको लागि खेलकुदको विकासमा सहयोग, विपन्न तथा एकलमहिलाको उत्थानमा सहयोग, आयमूलक सीप तालिम तथा रोजगार प्रवर्द्धन, रक्तदान, योग शिविर लगायतका सामाजिक विकास कार्यहरूमा सहकारी क्षेत्रको सहभागिता बढी रहेको पाइएको छ।

### (५) सहकारी संस्थाको संस्थागत तथा व्यवस्थापकीय सुधार

सहकारी संस्थाहरूको बढ्दो संख्या एवं अव्यवस्थित व्यवस्थापनको कारण संस्थाहरू निष्क्रिय रहने, घाटामा सञ्चालन हुने जस्ता कारणहरूलाई सम्बोधन गर्न विशेष गरेर रुग्ण सहकारी संस्थाहरूको सुधार गर्नका लागि संस्थागत संरचनामा समायोजन गर्ने, व्यवस्थापनमा सुधार गर्ने र समान प्रकृतिका सहकारी संस्थाहरूको एकीकरण गर्ने जस्ता कार्यहरू पनि हुने गरेको पाइएको छ। यस सन्दर्भमा सहकारी विभागद्वारा सहकारी संघ/संस्था एकीकरणसम्बन्धी कार्यविधि, २०७० लागू गरेर विभिन्न सहकारी संघ/संस्थाहरू एकीकरण गर्नाका उद्देश्यहरू, एकीकरण गर्न सकिने सहकारी संघ/संस्थाहरू र एकीकरणको व्यवस्थापन सम्बद्ध कार्यविधिहरूलाई स्पष्ट गरी सहकारी संघ/संस्थाहरू एकीकरणका लागि मार्गप्रशस्त गरिएको छ।

### (६) सहकारी संस्थाको सञ्चालक समितिको संरचनागत प्रभावकारिता

प्रारम्भिक सहकारी संस्थाको सञ्चालक समितिमा औसत संख्या ८ जना रहेको र सोमध्ये महिला सदस्यको संख्या करिब ४१ प्रतिशत रहेको छ। सर्वेक्षण गरिएका प्रारम्भिक सहकारी संस्थाको कुल सदस्य संख्यामा महिला सदस्यको अनुपात ५४ प्रतिशत रहेको स्थितिमा महिला सञ्चालकको अनुपात४१ प्रतिशत मात्र रहेको छ।

### (७) सहकारी संस्थाको सञ्चालक समितिका पदाधिकारीको शैक्षिक योग्यता

सर्वेक्षण गरिएका सबै प्रकृतिका प्रारम्भिक सहकारी संस्थाका अध्यक्षमध्ये ३७ प्रतिशतले उच्च शिक्षा (स्नातक वा सोभन्दा माथि) हासिल गरेको ३६ प्रतिशतले माध्यमिकस्तरको शिक्षा हासिल गरेको र २७ प्रतिशतले निम्नमाध्यमिक स्तर वा कम शैक्षिक योग्यता हासिल गरेको पाइएको छ।कार्यरत सचिवमध्ये ३७ प्रतिशतले उच्च शिक्षा, ४० प्रतिशतले माध्यमिकस्तर तथा २३ प्रतिशतले निम्नमाध्यमिकस्तर वा कमको शैक्षिक योग्यता हासिल गरेका छन्। यसैगरी कोषाध्यक्षमध्ये ३३ प्रतिशतको उच्च शिक्षा, ४१ प्रतिशतको माध्यमिक स्तर र २६ प्रतिशतको निम्नमाध्यमिक स्तरसम्मको योग्यता भएको पाइएको छ। समग्रमा प्रारम्भिक सहकारी संस्थाका बहुसंख्यक पदाधिकारीको शैक्षिक स्तर राम्रो देखिन्छ।

### (८) सहकारी संस्थाहरूको क्षमता विकास

सहकारी संस्थाहरूको बढ्दो संख्या, वार्षिक कारोबारमा भइरहेको निरन्तर वृद्धि, सहकारी क्षेत्र तथा वित्तीय संस्थाहरूसँगको प्रतिस्पर्धा र सहकारी व्यवस्थापनमा बढ्दो जटिलताजस्ता कारणहरूले गर्दा सहकारी संस्थाहरूको क्षमता विकास गर्नमा सरकारी क्षेत्र र राष्ट्रिय तथा विषयगत संघहरूबाट विभिन्न प्रयासहरू भइरहेको छ। तथापि कुल सदस्यमध्येएकदमै न्यून अर्थात् २५ प्रतिशतभन्दा कमले मात्र तालिम तथा अभिमुखीकरण प्राप्त गर्न सकेका छन्। विशेष गरेर सहकारी लेखा, सहकारी व्यवस्थापन, नेतृत्व विकास र सहकारी ऋण व्यवस्थापन जस्ता विषयहरूमा दक्षताको अभाव देखिएको छ। यसबाट सहकारी क्षेत्रको उत्पादकत्व तथा कार्यदक्षतामा अपेक्षित सुधार हुन सकेको पाइँदैन।

## २.४ सहकारी सम्वद्ध सवल पक्ष तथा सम्भावनाहरू

सहकारीसम्बन्धी विभिन्न अध्ययन तथा विश्लेषणहरूको समीक्षा गर्दा नेपालको सहकारीक्षेत्रमा विभिन्न सवल पक्ष तथासम्भावनाहरू देखिएका छन् ।तुलनात्मक रूपमा हेर्दानेपालको सहकारी क्षेत्रले राष्ट्रियआर्थिक तथा सामाजिक स्थितिमा केही सकारात्मकप्रभाव पारेको देखिएका छन् ।"नेपालमा सहकारी संस्थाहरूकोएकीकृत अध्ययन प्रतिवेदन"[10]अनुसार पाइएकाकेही महत्वपूर्ण सबल पक्ष तथा सम्भावनाहरूनिम्नबमोजिम छन्ः

(क) नेपालमा छ दशकभन्दालामो इतिहास बोकेको सहकारी अभियानले मुलुकभरगाउँ सहरमा जरो गाडी सकेको छ । संविधान र कानुनद्वारा सहकारीको सञ्चालन तथा व्यवस्थापनलाई कानुनी सुनिश्चितता प्रदान गरिएको हुँदा सहकारी संस्थाहरूको दिगोविकासमा सघाउ पुगेको छ ।सहकारी संस्थाहरूको विस्तारले स्थानीयस्तरमा आर्थिक एवं सामाजिक उत्थानमा अनुकूल प्रभाव परेको पाइएको छ । सहकारी संस्थाहरूको क्रियाशीलताले आर्थिक, सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह हुन सकेको छ ।

(ख) हालसम्म उपलब्ध तथ्याङ्कअनुसार २०७३ फागुनसम्ममासहकारी संस्थाको संख्या ३४ हजार नाघिसकेको छ भनेसहकारी आन्दोलनमा सहभागीसदस्य संख्या ६१ लाख नाघिसकेको छ ।आर्थिक वर्ष २०७१/७२ कोतुलनामा हालसहकारी संस्थाको संख्या ५ प्रतिशतले मात्र वृद्धिभएको छ भने सहकारी सदस्यसंख्या करिब २० प्रतिशतले वृद्धि भएको छ ।दुई वर्षभन्दा कम अवधिमा सहकारी सदस्यसंख्या करिब २० प्रतिशतले वृद्धि भएको देखिन्छ । तरएकै व्यक्ति एकभन्दा बढी सहकारी संस्थामा सदस्य रहने प्रवृत्तिलाई विचार गर्दा करिब३०–३५ लाखको हाराहारीको संख्यामा मानिसहरू सहकारी सदस्य रहेको अनुमान गर्न सकिन्छ ।सहकारी क्षेत्रमा क्रियाशील सदस्यहरू सबै आर्थिक रूपमा सक्रिय समूहको भएबाट यति धेरै मानिसहरू सहकारीमा आबद्ध भएको अवस्थालाई सकारात्मकमान्न सकिन्छ ।

(ग) स्थानीयस्तरमा बचत परिचालन गर्नमा सहकारी क्षेत्रबाट उल्लेख्य योगदान पुगेको छ । यसैगरी सहकारी सदस्यहरूले संस्थाबाट ऋण प्राप्त गर्नमा धेरै झन्झट नपर्ने र समय पनि बढी नलाग्ने भई सहकारी सदस्यहरूलाई बैंक तथा वित्तीय संस्थाहरूको तुलनामा ऋण प्राप्त गर्नमा निकै सहज भएको पाइएको छ । साथै अधिकांश सहकारीले बचत तथा मुद्दती खातामा प्रदान गर्ने ब्याजका दरहरू वित्तीय संस्थाहरूको तुलनामा बढी भएबाट सहकारी सदस्यहरू तुलनात्मक लाभको स्थितिहासिल गर्न सकेका छन् ।

(घ) विशेष गरेर दुर्गम ग्रामीण क्षेत्रका गाउँघरमा छरिएर रहेका साना-साना बचत संकलन गरी स्वरोजगार एवं जीविकोपार्जनका लागि आवश्यक पुँजीमा सहज पहुँच बढाई सामाजिक प्रयोजनका साथै उत्पादनशील कार्यमा लगानी गर्नमा प्रारम्भिक सहकारी संस्थाहरूले उत्प्रेरित गरेका छन् ।

(ङ) सहकारी सदस्यहरूले संस्थाबाट ऋण प्राप्त गरेर आयआर्जन सम्बद्ध क्रियाकलापहरू (नगदेबाली, तरकारी खेती, पशुपालन, उद्योग, व्यापार आदि) मा संलग्न रही आयस्तर बढाउन सकेका छन् ।सहकारी सदस्यहरूले शिक्षा, स्वास्थ्य तथा सामाजिक कार्यहरूका लागि सहकारी

---

10 नेपालमा सहकारी संस्थाहरूकोएकीकृत अध्ययन प्रतिवेदन, २०७३, राष्ट्रिय सहकारी विकास बोर्ड

संस्थाहरूबाट कर्जा लिएर तत्कालको खाँचो टार्न सकेका छन् । यसैगरी सहकारी संस्थाबाट ऋण लिएर वैदेशिक रोजगारीका लागि रकम व्यवस्था गर्ने प्रवृत्ति पनि बढिरहेको देखिन्छ ।

(च) कृषि सहकारी, गैरकृषिजन्य उत्पादनमूलक (बहुउद्देश्यीयसमेत) सहकारी र बचत तथा ऋण सहकारीद्वारा भएको ऋण लगानी उपयोग गरी सञ्चालन भएका कृषिजन्य उद्योग व्यवसायहरूले रोजगारीका अवसरहरू विस्तार भएको पाइएको छ ।स्थानीयस्तरमा रोजगारीका अवसरहरू जुटाउनमा सहकारी संस्थाहरूले सघाउ पुऱ्याउँदै आएका छन् । उपलब्ध आँकडाअनुसार सहकारी संस्थाहरूबाट विशेष गरेर आंशिक रोजगारीका अवसरहरू बढिरहेको पाइएको छ ।

(छ) अध्ययन गरिएका उत्पादन कार्यमा संलग्न सहकारी संस्थाहरूले आफ्ना वस्तु उत्पादन, प्रशोधन तथा सेवा प्रवाहका लागि धेरैले परम्परागत हाते औजार तथा अर्धस्वचालित, औजार एवं उपकरण प्रयोग गरेका छन् भने करिब एक चौथाइले स्वचालित औजार तथा उपकरणहरू प्रयोगमा ल्याएको पाइन्छ । विशेष गरेर नगदेबाली तथा खाद्य प्रशोधन तथा अन्य उत्पादनका लागि आधुनिक उपकरणहरू प्रयोग गरिएका छन् । साथै सञ्चार, स्वास्थ्यलगायतका सेवा सहकारी संस्थाहरूमा उच्च प्रविधिहरूको प्रयोग भएको देखिन्छ ।

(ज) सर्वेक्षणमा समेटिएका क्रियाशील सहकारी संस्थाहरूमध्ये विशेष गरेर कृषि तथा पशुजन्य सहकारी संस्थाहरूबाट उपलब्ध आँकडालाई हेर्दा दुग्धसम्बन्धी, चिया, कफी, अलैंची, अदुवा, तरकारी, फलफूल जस्ता मूल्य अभिवृद्धि हासिल गरीबढी रकम आर्जन गर्न सकिनेनगदे बालीसम्बद्ध सहकारी संस्थाहरूको क्रियाशीलता बढी रहेको देखिएको छ ।

(झ) सहकारी विभागको आँकडाअनुसार कुल सहकारी सदस्यतामा लैङ्गिक अनुपातलाई हेर्दामहिलासदस्य ५१ प्रतिशत कुल सहकारी सञ्चालकमामहिलाको अनुपात३९प्रतिशत रहेको छ । जबकिविगत आर्थिक वर्ष २०७१/७२ सम्मको आँकडाबमोजिमकुल सहकारी सदस्यहरूमा महिला सदस्य४५प्रतिशत र महिला सञ्चालकको अनुपात ३४प्रतिशतरहेको देखिँदा एकै वर्षपछि कुल सहकारी सदस्यतामा महिलाको अनुपात६ प्रतिशतले बढेको रमहिला सञ्चालकको अनुपात ५प्रतिशतले वृद्धि भएको देखिन्छ ।यसबाट सहकारीआन्दोलनमा महिला वर्गको सहभागिता उत्साहप्रद रहेको पाइएको छ ।

(ञ) उपलब्धआँकडाअनुसार कुल सहकारी सदस्यमध्येदलित, जनजाति, मधेसी, मुस्लिम लगायतको सहभागिता करिब ४६ प्रतिशत र युवा वर्गको सहभागिता करिब ३५ प्रतिशत रहेको पाइएको छ ।समावेशी र युवाको सहभागिता उल्लेख्य नभए तापनि सन्तोषप्रद मान्न सकिन्छ ।

(ट) सर्वेक्षण गरिएका सहकारी संस्थाहरूको औसत पुँजी प्रतिसंस्था रु. २.८९ करोड, सोमध्येको बचत रु.१.९२ करोड र ऋण लगानी रु.२.६८ करोड भएको अवस्थालाई उल्लेख्य मान्न सकिन्छ ।

(ठ) सर्वेक्षण गरिएका सहकारी संस्थाहरूमध्ये समग्रमा करिब ७५ प्रतिशतले मुनाफा आर्जन गर्नमा सक्षम पाइएको छ । तुलनात्मक रूपमा कृषिजन्य उत्पादनमूलक (बहुउद्देश्यीयसमेत) सहकारी संस्था र बचत तथा ऋण सहकारी संस्थाको प्रतिसहकारी संस्थाकोमुनाफा आर्जन अनुपात बढी पाइएको छ ।

(ड) विगतमा सहकारी संस्थाहरूले आर्जन गरेको मुनाफाको लाभांशबापत सेयर पुँजीको बढीमा१५ प्रतिशतलाई वृद्धि गरी १८प्रतिशतसम्म लाभांश वितरण गर्न सक्ने र Patronage Dividend पनि वितरण गर्न पाउनेनयाँ सहकारी कानुनको प्रावधानहरूलाई हेर्दा बढी प्रतिफल लिन नहुने

सहकारीको मूल्य र मान्यताको बाबजुद सहकारी क्षेत्रमा थप पुँजी आकर्षण गर्नमासहयोग पुग्नेदेखिन्छ ।

(ढ) सर्वेक्षण गरिएका प्रारम्भिक सहकारी संस्थाहरूको लेखापरीक्षण स्थितिलाई हेर्दा आर्थिक वर्षको अन्त्यतिर सर्वेक्षण गरिएकोमाधेरैको अघिल्लो आर्थिक वर्षसम्मको लेखापरीक्षण कार्य सम्पन्न भइसकेको देखिन्छ ।यसलाई सकारात्मक मान्न सकिन्छ ।

(ण) प्रारम्भिक सहकारी संस्थाहरूद्वारा आ-आफ्नो संस्थाहरूमार्फत सामाजिक कार्यहरूमा सघाउने प्रवृत्तिको विकास भएको पाइन्छ । यस सन्दर्भमा सहकारी सदस्यहरूलाई स्वास्थ्य उपचारमा सहयोग गर्ने, न्यून आय भएका सदस्यका जेहेन्दार परिवारलाई शैक्षिक छात्रवृत्ति प्रदान गर्ने, स्थानीय समुदायलाई एम्बुलेन्स सेवा प्रदान गर्ने, वातावरण तथा सरसफाइमा सहयोग गर्ने, स्थानीयस्तरमा बालबालिका तथा युवा वर्गको लागि खेलकुदको विकासमा सहयोग गर्ने, विपन्न तथा एकल महिलाको उत्थानमा सहयोग गर्नेलगायतकासामाजिक विकास कार्यहरूमा सहभागिता उत्साहप्रद रहेको छ ।

(थ) सर्वेक्षण गरिएका अधिकांश सहकारी संस्थाले ऋण लगानी तथा असुलीसम्बन्धी कार्यविधिहरू लागू गरेको पाइन्छ । संस्थाको दैनिक कार्यलाई नियमित एवं अनुशासित ढंगबाट सञ्चालन गर्न करिब आधाजसो संस्थाले वित्तीय व्यवस्थापनसम्बन्धी, कर्मचारी व्यवस्थापनसम्बन्धी र आचारसंहितासम्बन्धी हाल आएर सहकारी संघ संस्थाहरूको बीचमा सामञ्जस्यता एवं समन्वय कायम गर्ने प्रवृत्तिमा क्रमिक विकास भइरहेको देखिन्छ ।अनावश्यक प्रतिस्पर्धातर्फभन्दा एक अर्काको बीचमा सहकार्य एवं सहभागितात्मक दृष्टिकोणतर्फ जोडदिने प्रवृत्ति बढेको छ । यसै गरी जिल्ला सहकारी संघ र विषयगत सहकारी संघहरूको बीचमा पनि सहकार्य तथा सहभागिता बढिरहेको पाइन्छ ।

(द) सहकारी संस्थाहरूको सञ्चालक समितिको पदाधिकारीमा शैक्षिक योग्यता भएका व्यक्तिहरूको सहभागिता उत्साहवर्द्धक रहेको छ । सहकारी संस्थाहरूको व्यवस्थापक तथा लेखापाल पदहरूमा शैक्षिक योग्यता भएका व्यक्तिहरूको आकर्षण पनि बढिरहेको पाइएको छ । यसैगरी सहकारी संस्थाहरूको सञ्चालक समितिको पदाधिकारी तथा व्यवस्थापनमा महिला लगायत समावेशी र युवा वर्गको सहभागिता पनि बढ्दो छ ।

(ध) सहकारी संस्थाहरूको बढ्दो संख्या, वार्षिक कारोबारमा भइरहेको निरन्तर वृद्धि, सहकारी क्षेत्र तथा वित्तीय संस्थाहरूसँगको प्रतिस्पर्धा र सहकारी व्यवस्थापनमा बढ्दो जटिलताजस्ता कारणहरूले गर्दा सहकारी संस्थाहरूको क्षमता विकासमा सरकारी क्षेत्र र राष्ट्रिय तथा विषयगत संघहरूबाट विभिन्न प्रयासहरू भइरहेका छन् । करिब पच्चीस प्रतिशत सहकारी सदस्यले तालिम तथा अभिमुखीकरण प्राप्त गर्न सकेका छन् ।

(न) सहकारी संघ संस्थाहरूको प्रवर्द्धन तथा विस्तारका लागि विद्यमान कानुनहरूमानिम्न बमोजिमका छुट तथा सहुलियतहरूको प्रावधानहरू भएबाट सहकारी क्षेत्रलाई तुलनात्मक लाभको स्थिति हासिल गर्नमा मद्दत पुग्न सक्ने सम्भावना देखिन्छः

(१) आर्थिक ऐन, २०७४मा उल्लेख भए अनुसार सहकारी ऐनबमोजिम दर्ता भै सञ्चालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयरसदस्यहरूबीच ऋण लगानी/प्रवाह गर्दा तीस लाख रुपैयाँसम्मको थैली अंकमा रोक्का दस्तुरबाहेक सेवा शुल्क छुट हुनेछ । सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र काठमाडौंउपत्यकामा १ रोपनी, पहाडी

क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेसमा ३ कट्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेसन दस्तुर सहकारी विभागको सिफारिसमा पूर्ण रूपमा छुट हुनेछ ।

(२) सहकारी संस्थाहरूको प्रवर्द्धन तथा विस्तारका लागि प्रत्येक वर्ष बजेटसँगै आर्थिक ऐनद्वारा व्यवस्था गरिने आयकरसम्बन्धी कानुनी प्रावधानहरूमा सहकारी संस्थाहरूलाईआयकर छुट तथा सहुलियतहरू प्रदान गर्ने गरिएको छ । आर्थिक ऐन, २०७४ बमोजिमकृषि वा वन पैदावारमा आधारित रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती, उत्पादन तथा फलफूल प्रशोधन, पशुपालन, डेरी उद्योग, कुखुरापालन, मत्स्यपालन, चिया खेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडिबुटी खेती तथा प्रशोधन, तरकारीका बीउबिजन उत्पादन, मौरीपालन, मह उत्पादन, रबर खेती, कबुलियती वन, एग्रोफरेस्ट्री आदि व्यावसायिक वनसम्बन्धी व्यवसायहरू जस्ता कृषि तथा वनजन्य उद्योगहरू, तरकारी भण्डारका लागि स्थापित शीत भण्डार, कृषिसम्बन्धी बीउबिजन, पशु आहारा, दाना, कीटनाशक औषधि, मल तथा कृषि औजार (यान्त्रिक शक्तिबाट चल्ने बाहेक) को कारोबार गर्ने सहकारी संस्था तथा गाउँपालिकाको क्षेत्रमा सञ्चालित बचत तथा ऋण सहकारी संस्था वा संघको आयमा कर लाग्ने छैन । यस्तो संस्था वा संघले वितरण गरेको लाभांशमा समेत कर लाग्ने छैन ।

गाउँपालिकाको क्षेत्रमा सञ्चालित लघु वित्त संस्था, ग्रामीण विकास बैंक, हुलाक बचत बैंक र माथि उल्लेख भएबमोजिमका सहकारीमा जम्मा गरेको निक्षेपबाट आर्जित वार्षिक पच्चीस हजार रुपैयाँसम्मको ब्याज आयमा कर लाग्ने छैन ।

(३) मूल्यअभिवृद्धि करऐनद्वारा आधारभूत कृषि उत्पादनहरू,आधारभूत आवश्यकताका वस्तुहरूर जीवजन्तु तथा सोको उपजसम्बन्धी उत्पादन तथा कारोबार गर्ने सबैलाई दिइएको छुटअनुसारसहकारी संस्थाहरूलाईपनि मूल्यअभिवृद्धि कर ऐनअनुसार मूल्यअभिवृद्धि कर छुट हुने व्यवस्था छ । यसैगरीशून्य दरमा मूल्यअभिवृद्धि करलाग्ने वस्तु तथा सेवाहरूको कारोबार गर्नेसहकारी संस्थाहरूले पनिअन्यलेसरह यस्तो कर तिर्नुपर्ने छैन ।साथै अन्तःशुल्क ऐनअनुसार अन्तःशुल्क छुट दिइएका वस्तुतथा सेवाहरू उत्पादन, पैठारी तथा बिक्री गर्ने सहकारी संस्थाहरूले सबैलाई दिइएको छुटअनुसारअन्तःशुल्क तिर्नुपर्ने छैन ।

(प) नेपालको संविधानको धारा ५७ बमोजिम अधिकारको बाँडफाँडको सन्दर्भमा अनुसूची ५ देखि अनुसूची ९ सम्म उल्लिखित विभिन्न तहको एकल अधिकार सूची र साझा अधिकार सूचीमा सहकारीसम्बन्धी कार्यहरूलाई नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट सहकारीसम्बन्धी कार्यक्षेत्र तथा अधिकारलाई तहगत आधारमा थप विस्तृतीकरण एवं स्पष्ट गरिएको छ। जसअनुसार संघ/प्रदेशको अधिकार तथा कार्य विस्तृतीकरणमा सहकारीसम्बन्धी संघीय/राष्ट्रिय/ प्रादेशिक नीति, कानुन, मापदण्ड, समन्वय र नियम सम्बद्ध कार्यहरूलाई समावेश गरिएको छ ।जबकि सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन नियमन, स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी विघटन र सहकारी संस्थाको संस्थाको प्रवर्द्धन र विकास लगायतका कार्यहरूस्थानीयस्तरबाट हुने गरी कार्य

विस्तृतीकरण गरिएको छ ।यसबाट संघीय संरचनाअन्तर्गत स्थानीयस्तरमा सहकारीको नियमन, प्रवर्द्धनतथाविकासका लागि स्थानीयस्तरका निकायहरू बढी जिम्मेवार हुनुपर्ने देखिन्छ ।

(फ) सहकारी संस्थाहरूको व्यवसाय विस्तारका लागि प्रदान गरिने अनुदानसुविधालाई सरल, पारदर्शीर प्रभावकारी तुल्याउन "सहकारी संस्थालाई अनुदान प्रदान गर्नेनिर्देशिका, २०७३"सहकारी विभागलेजारी गरेकोछ । यस निर्देशिकाबमोजिम श्रमिक, भूमिहीन कृषक, सीमान्तकृत समुदाय सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई सामूहिक वा व्यक्तिगत रूपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने, सहकारी खेतीलाई विस्तार गर्ने, कृषक सहकारी संस्थाले आफ्ना उपज सङ्कलन, सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने, उपभोक्ताका सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरू बिक्री वितरण गर्ने रसहकारी संस्थालेसामूहिक रुपमा शीतघर, स्रोत केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत्, भारी उपकरण, कृषि औजार कारखानासञ्चालन गर्ने लगायतका आयोजनाहरूका लागि तोकएबमोजिमअनुदान प्रदानगरिनेछ। यस प्रकार अनुदानदिने प्रावधानले आयोजनागत आधारका सहकारी संस्थाहरूको प्रवर्द्धनमा केही सघाउ पुग्ने सम्भावना रहेकोछ ।

(ब) राष्ट्रिय सहकारी नीति, २०६९ द्वारा निर्दिष्ट गरिएका उद्देश्य, नीति, रणनीतितथाकार्यनीतिहरूले सहकारी क्षेत्रलाई समग्र रूपमा दिशानिर्देश गरेको छ। साथै विषयगत सहकारी संस्थाहरूको उत्थानका लागि पनि यस नीतिले मार्गनिर्देशन उपलब्ध गराएको छ। राष्ट्रिय सहकारी नीतिको प्रभावकारीकार्यान्वयनबाट स्थानीय श्रम, सीप र पुँजीलाई अधिकतम रूपमा परिचालन गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्नुका साथै सहकारी सदस्यहरूको जीवनस्तर उकास्नमा सघाउ पुग्ने सम्भावनाहरूछन् ।[11]

(ब) सहकारी ऐन, २०७४कार्यान्वयनमा आएपछि सहकारी क्षेत्रमासुशासन, पारदर्शिताएवं सहभागिता अभिवृद्धिहुन गई आर्थिक तथा सामाजिकक्षेत्रमा नयाँ अवसर एवं सम्भावनाहरू सृजना तथा विस्तार हुन सक्ने अनुमान गर्न सकिन्छ ।

(भ) सर्वसाधारण जनताको निमित सार्वजनिक सरोकारका सेवाहरू सस्तो, सुलभ र विश्वसनीय रूपमा उपलब्ध गराउने उदेश्यले साझा यातायात, साझा स्वास्थ्य सेवा र साझा प्रकाशन जस्ता सहकारी संस्थाहरूमा विभिन्न स्तरका सरकारी निकायहरू, सहकारी संघहरूको लगानीमा सञ्चालित छन् । यी संस्थाहरूको कारणले सर्वसाधारण जनतासँग सरोकार राख्ने अत्यावश्यक सेवाहरूको सहज आपूर्ति गर्नमा सरकार र जनताको बीचमा सहकार्य हुन सकेकोछ ।

## २.५ सहकारी सम्बद्ध मुख्य समस्या तथा चुनौतीहरू

नेपालको सहकारीक्षेत्रले सामना गर्नु परिरहेकाविभिन्न समस्या तथा चुनौतीहरूको कारण सहकारिताको विकासमाअपेक्षित गति हासिल हुनसकेको छैन। फलस्वरूप नेपालको सहकारी क्षेत्रबाटमुलुकको आर्थिक तथा सामाजिक स्थितिमायोगदान न्यूनरहँदै आएको छ ।नेपालको संविधान (

[11] राष्ट्रिय सहकारी नीति, २०६९, सहकारी तथा गरिबी निवारण मन्त्रालय

२०७२)[12] मा समावेश गरिएका सहकारी सम्बद्ध निर्देशक सिद्धान्त नीति तथा अधिकारसम्बद्धबुँदाहरू,सहकारी ऐन, २०७४ मा समावेश गरिएका प्रावधानहरू,अर्थ मन्त्रालयद्वारा प्रकाशितआर्थिक सर्वेक्षण[13],राष्ट्रिय सहकारी नीति, २०६९[14] मा उल्लिखित बुँदाहरू, नेपालमासहकारी क्षेत्रको वस्तुस्थितिको सन्दर्भमा तयार गरिएका क्षेत्रगत अध्ययन प्रतिवेदनहरू एवंएकीकृत अध्ययन प्रतिवेदन[15],सहकारीविभागको नेपालमा सहकारी संघ संस्थाहरूको तथ्यांक[16] तथाविभिन्न निर्देशिकाहरू, राष्ट्रिय सहकारी विकास बोर्डका प्रकाशनहरू र राष्ट्रिय सहकारी संघका प्रकाशनहरू लगायतका दस्तावेजहरूको समीक्षात्मक विश्लेषण गर्दानेपालको सहकारी क्षेत्रको सम्बन्धमा विद्यमान मुख्यसमस्या तथा चुनौतीहरू देहायबमोजिमदेखिएका छन्:

(क) सहकारी क्षेत्रमा हाल ६१ लाखभन्दा बढी सदस्यहरूको संलग्नताको बाबजुद पनिप्रारम्भिक आँकडाअनुसार नेपालको कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको न्यून योगदान रहनुलाई अर्को प्रमुख समस्याको रूपमा लिन सकिन्छ ।अर्थ मन्त्रालयको आर्थिक सर्वेक्षणअनुसारसहकारी क्षेत्रले कुल गार्हस्थ उत्पादनमा करिब ३ प्रतिशत मात्रयोगदान रहेको प्रक्षेपण गरिएको छ ।सहकारी संघ संस्थामासंख्यात्मक सहभागिता एवं वित्तीय परिचालनको सन्दर्भमा महत्वपूर्ण स्थान ओगटेकोसहकारी क्षेत्रको कुल गार्हस्थ उत्पादनमा यथार्थ योगदान यकिन हुन सकेको छैन ।

(ख) नेपालका सहकारी संस्थाहरू तथासदस्यहरूको क्षेत्रगत वितरण र वित्तीय स्थितिलाई हेर्दा असन्तुलित अवस्था देखिन्छ। मुलुकभरका प्रारम्भिकसहकारीसंस्थाहरूको४७ प्रतिशत रसदस्यहरूको ४२प्रतिशत साविककोमध्यमाञ्चल विकासक्षेत्रअन्तर्गत पर्ने १९ जिल्लाहरूमा रहेको देखिन्छ ।यसैगरी मुलुकभरका सहकारी संस्थाहरूको कुल सेयर पुँजीको ६४ प्रतिशत, कुल निक्षेपको ७३ प्रतिशत र कुल लगानीको ६५ प्रतिशत संस्थामध्यमाञ्चल विकासक्षेत्रभित्र रहेकोअवस्था छ । सहकारी सम्बद्ध सबैजसोसूचकाङ्कहरूमा साविककोमध्यमाञ्चल विकासक्षेत्रको अत्यधिक अनुपात रहेको अवस्थालाईअर्थतन्त्रमा सकारात्मक मान्न सकिँदैन ।[17]

(ग) नेपालको संविधान (२०७२) को अनुसूची ५ देखि ९ सम्ममा उल्लिखितसहकारी सम्बन्धमा संघीय, प्रादेशिक तथा स्थानीय तहहरूकोअधिकार तथा कार्य जिम्मेवारीबारे विषयगत आधारमा उल्लेख भएको र ती अधिकारहरूलाई नेपाल सरकार (मन्त्रिपरिषद्)को निर्णयबाटविस्तृतीकरण गरिएबमोजिम नयाँ जारी भएकोसहकारी कानुनमा स्पष्ट प्रावधानहरू समावेशगरिएका छैनन् ।संघीय स्तरको सहकारी ऐनमाराज्य व्यवस्थाको विभिन्नतहगत अधिकार तथा कार्य जिम्मेवारीबारे स्पष्ट नभएबाट सहकारी क्षेत्र थप अन्योलग्रस्त रहने देखिन्छ ।

(घ) विद्यमान स्थितिमाराष्ट्रिय सहकारी नीति, २०६९को कार्यान्वयन स्थिति न्यून भएबाट लक्षित उद्देश्यहरू प्राप्तिका लागि निर्दिष्ट गरिएकानीति, रणनीति तथा कार्यनीतिहरू अपेक्षाकृत अघि बढ्न सकेका छैनन् । विगत पाँच वर्षको समीक्षा गर्दाविशेष गरेर राष्ट्रिय सहकारी नीतिले परिलक्षित गरेको कतिपय रणनीतितथाकार्यनीतिहरू सहकारी क्षेत्रको वार्षिक कार्यक्रममा

[12] नेपालको संविधान ( २०७२): धारा५०(३) धारा ५१(घ), अनुसूची८ र ९

[13] आर्थिक सर्वेक्षण २०७२/७३र २०७३/७४, अर्थ मन्त्रालय

[14] राष्ट्रिय सहकारी नीति, २०६९, सहकारी तथा गरिबी निवारण मन्त्रालय

[15] नेपालमा सहकारी संस्थाहरूको एकीकृत अध्ययन प्रतिवेदन, २०७३, राष्ट्रिय सहकारी विकास बोर्ड

[16] नेपालमा सहकारी संघ संस्थाहरूको तथ्यांक विवरण, २०७१/७२र २०७२/७३, सहकारीविभाग

[17] नेपालमा सहकारी संघ संस्थाहरूको तथ्यांक , २०७४ वैशाख, सहकारी विभाग

रूपान्तरण हुन सकेको छैन ।मुख्यतः समय सीमासहितको कार्य योजनाको अभावनै राष्ट्रिय सहकारी नीतिको प्रमुख कमजोरी हो ।विद्यमान परिप्रेक्ष्यमा नेपालको संघीय संरचना अनुकूल हुने गरी राष्ट्रिय सहकारी नीतिको परिमार्जन नभएसम्म यस नीतिकोप्रभावकारीउपयोगिता एवं कार्यान्वयन हुनसक्ने सम्भावना देखिँदैन ।[18]

(ङ) आर्थिक वर्ष २०७१/७२ देखि२०७३ फागुनसम्मको अवधिमा सहकारी संस्थाको संख्यामा ५ प्रतिशतले मात्रवृद्धि भएको देखिन्छ ।जबकिसहकारी सदस्यको संख्यामा भने यस अवधिमा करिब २० प्रतिशतले वृद्धि भएको देखिन्छ । यो वृद्धिलाईगुणस्तरीय भन्न सक्ने ठोस आधार छैन ।

(च) कुलसहकारी सदस्यतामा महिलासदस्य ५१ प्रतिशत रकुल सहकारी सञ्चालकमा महिलाको अनुपात ३९प्रतिशत रहेतापनि सहकारी क्षेत्रमा महिलावर्गको सहभागिताबढी अनुपातमा सञ्चालक सदस्य, कोषाध्यक्ष, महिला उपसमिति संयोजक जस्ता पदहरूमा सीमित रहेको पाइन्छ ।महिला वर्गको नेतृत्वदायी सहभागिता अर्थात् संस्थाको अध्यक्ष, सचिव र प्रबन्धक जस्ता महत्वपूर्णपदहरूमा कमै मात्र पाइएको छ। यसबाट सहकारी अभियानमा महिलावर्गको नेतृत्वदायी भूमिका अझैपनि न्यूननैरहेको देखिन्छ ।

(छ) नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी सहकारी संस्थाले आफ्नो प्रयोगको लागि आयात गर्ने मेसिनरी, औद्योगिक तथा कृषि यन्त्र, उपकरण,पार्टपुर्जा, कच्चा पदार्थ तथा ढुवानीका साधनहरूमा लाग्ने भन्सार महसुल वा मूल्य अभिवृद्धि कर प्रचलित कानुनबमोजिम आंशिक वा पूरै छुट दिन सक्नेर सहकारी संस्थाले उत्पादन गरेको मालसामानमा लाग्ने अन्तःशुल्क वा मूल्य अभिवृद्धि कर प्रचलित कानुनबमोजिम आंशिक वा पूरै छुट दिन सक्ने भनीभनि आर्थिक ऐन वाराजस्व सम्बद्ध कानुनहरूमा स्पष्ट उल्लेख नभएसम्म सहकारी कानुनमा मात्र उल्लेख गरेर सहकारी संस्थाहरूलेपाउनेसम्भावना छैन। यी सुविधाहरूबाट सहकारी संस्थाहरू वञ्चित हुनुपरेको स्थितिमा सहकारी संस्थाहरूको उद्यम व्यवसायहरूले निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न सक्ने सम्भावना न्यून देखिन्छ ।

(ज) नेपाल सरकारको सहकारी विभागद्वारा सहकारी संघसंस्थासम्बन्धी वार्षिकतथ्यांक र जिल्लागत रूपमा डिभिजन सहकारी कार्यालयहरूबाट उपलब्ध तथ्यांकको बीचमातादम्यता नभएको रकतै कतै ठूलो अन्तर देखिएको छ। यसैगरीसहकारी डिभिजन कार्यालयले विशेष वार्षिक प्रतिवेदनहरूको समीक्षा गर्दा दर्ता भएका सहकारी संस्थाहरूमध्ये उल्लेख्य अनुपातमा निष्क्रिय रहेको अवस्थामा राष्ट्रियस्तरमा निष्क्रिय रहेका सहकारी संस्थाहरूको एकीकृत आँकडामा उपलब्ध छैन । यस स्थितिमासहकारी क्षेत्रको यथार्थ संख्यात्मक स्थिति यकिन गर्नमा कठिनाइ देखिन्छ ।

(झ) तीन वर्षभन्दा बढी अवधिको लेखापरीक्षण नभएको र वार्षिक साधारणसभा नगरेको आदि कारणहरूले सहकारी संस्थाहरू खारेज हुने प्रवृत्ति बढिरहेको पाइएको छ। सहकारी संस्थाहरू खारेज हुने प्रवृत्तिका कारणहरूको सम्बन्धमा अध्ययन भएको पाइएन ।सहकारी संस्था सुरुको दर्तापछि खारेज भएका र एकीकरण भएका सहकारी संस्थाहरूलाई हेर्दा खुदमा प्रस्तुत आँकडाभन्दा कम संख्यामा सहकारी संस्थाहरू सञ्चालनमा रहेको अवस्था रहेको छ ।

18 राष्ट्रिय सहकारी नीति, २०६९, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(ञ) बचत तथा ऋण सहकारी संस्थाबाहेकका कतिपय सहकारी संस्थाहरू पनि आफ्ना लक्षित उद्देश्यहरूतर्फ भन्दा बचत तथाऋणसम्बन्धीपूरक कार्यहरूमा बढीभन्दा बढी क्रियाशील रहेको पाइन्छ । विशेष गरेर बहुउद्देश्यीय सहकारी संस्थाहरूमा यस्तो प्रवृत्ति बढी रहेको छ ।

(ट) सरकारद्वारा प्रदान गरिने विभिन्न सहयोग तथा अनुदान रकम वितरणमा प्रायश:जिल्ला सहकारी संघसँग समन्वय हुने गरेको छैन । अनुदान रकमको वितरण पारदर्शी एवं समन्वयात्मक नभएको भन्ने जानकारी सर्वेक्षणको दौरानमा पाइएको छ ।अनुदान रकम लिनका लागि मात्र खुलेका सहकारी संस्थाहरू, विशेष गरेर उपभोक्ता सहकारी संस्थाहरू, सर्वेक्षणको दौरानमानिष्क्रिय रहेको पाइयो ।

(ठ) सहकारी संस्थाहरूले सम्भाव्य वित्तीय जोखिम न्यून गर्नका लागि राख्ने गरेकाघाटा पूर्ति कोष, डुब्नते ऋण कोष, सेयर लाभांश कोष, संरक्षित कोष जस्ता कोषहरूमा रहेको ऋण लगानीको अनुपातमा करिब ५ प्रतिशतरकम सहकारी क्षेत्रको बढ्दो वित्तीय कारोबारको फलस्वरूप सम्भाव्य वित्तीय जोखिम व्यवस्थापनका लागि न्यूनदेखिन्छ ।सहकारी संस्थाको सेयर पुँजी, बचतर ऋण लगानीकोऔसत अनुपातमासुरक्षण कोषको औसत रकमले सहकारी क्षेत्रको विस्तारित कारोबारबाट सृजना हुन सक्ने वित्तीय जोखिमलाई थेग्न सक्ने देखिँदैन ।ऋण लगानीमा सम्भावित नोक्सानी व्यहोर्नका लागि ऋण लगानीको ५ प्रतिशत रकम छुट्याउन प्रावधानलाई पालना गरिएको छैन ।

(ड) वर्तमान मौद्रिक बजारमा विद्यमान तरलता र ब्याजका दरहरूमा देखिएको उतार-चढावका कारण बचत तथा ऋणलगायतका सहकारी संस्थाहरूलाई पनि प्रत्यक्ष असर पर्न सक्ने सम्भावना रहेको छ । सहकारी क्षेत्रले बढीभन्दा बढी बचत संकलन गरी ऋण लगानीको परिमाणलाई क्रमिक वृद्धि गरिरहेको विद्यमान स्थितिमा वित्तीय क्षेत्रमा देखापरेको अन्योल एवं उतार-चढावको कारणले बढ्न सक्ने वित्तीय जोखिमलाई नकार्न सक्ने स्थिति छैन ।

(ण) २०७३ फागुनसम्ममासहकारी क्षेत्रअन्तर्गत कुलपुँजी लगानी रु. ७५.७४ अर्ब, कुलबचत तथा निक्षेप रु. २९८.६९ अर्बर ऋण लगानी रु. २९२.७२अर्ब रहेको स्थितिमा रु. ८१.७१ अर्ब प्रतिफल आउने गरीलगानी हुन नसकेको देखिएकालेबैंक तथा वित्तीय संस्थाहरूमा कम ब्याजदरमा तथा बचत रकममा ब्याजनै नआउने चल्ती खाताहरूमा राख्नुपर्ने बाध्यताले सहकारी संस्थाहरूको वित्तीय स्थितिमा प्रतिकूल प्रभाव पर्ने सम्भावना रहेको छ ।[19] नियमअनुसार १० देखि १५ प्रतिशत रकम तरलताको लागि राखेतापनि निष्क्रिय रहेको पुँजीको अनुपात सोभन्दा निकै बढी देखिन्छ ।

(त) वित्तीय तथा अन्य सहकारी संस्थाहरूले बचत तथा ऋणमा दिने लिने ब्याजका दरहरूमा तुलनात्मक रूपमा ठूलो अन्तर देखिएको छ । बैंक तथा वित्तीय संस्थाहरूको तुलनामा सहकारी संस्थाहरूले बचतमा दिने ब्याजका दरहरू तुलनात्मक रूपमा बढी भए तापनि ऋण लगानीमा लिइने ब्याजका दरहरूपनि उच्च रहेको छ । यसका साथै ऋण लगानी गर्दा सुरुमा नै प्रत्यक्ष एवं परोक्ष रूपमा लिइने सेवा शुल्कले सहकारी क्षेत्रको वित्तीयलागतबढीदेखिएको छ ।

(थ) अध्ययन प्रतिवेदनअनुसार बढीभन्दा बढी सहकारी सदस्यहरूबाट संकलित सेयर पुँजी तथा स-साना बचत रकम संकलनबाट जुटाइएको ठूलो रकमलाई सही तरिकाले परिचालन गरी वित्तीय अनुशासन एवं उत्तरदायित्व कायम गर्नमा प्रभावकारी नियमनको अभाव देखिन्छ । फलस्वरूप

19 आर्थिक वर्ष २०७३/७४ को आर्थिक सर्वक्षण, अर्थ मन्त्रालय

संस्थापकहरूले व्यक्तिगत फाइदाको निम्ति सहकारीको रकम प्रयोग गर्ने र पलायन हुन सक्ने प्रवृत्तिलाई नकार्न सकिँदैन ।

(द) अध्ययन प्रतिवेदनअनुसार सहकारी क्षेत्रमा सहकारी संस्थाहरूले संस्थागत मुनाफालाई न्यून गर्न काल्पनिक एवं अनावश्यक खर्चहरू देखाउने प्रवृत्ति बढी रहेकोदेखिन्छ । सदस्यहरूलाई बढी लाभ दिलाउनका लागि औषधि खर्च, यातायात खर्च, खाजा खर्च, दसैं खर्च, ऋण लगानीको रकम मिनाहा गर्ने गरेको पनि पाइएको छ ।

(ध) सहकारी संस्थाहरूबाट गरिने उत्पादनमूलक कार्यहरूमा दक्ष जनशक्तिको अभाव रहेको छ । सहकारी क्षेत्रमा उद्यमशीलता एवं व्यावसायिकताको अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन ।सहकारी क्षेत्रको उत्पादन तथा सेवा प्रवाहलाई प्रतिस्पर्धात्मक तुल्याउन आवश्यक प्रविधि तथा सीपको प्रयोग न्यून रहेको छ । फलस्वरूप प्रविधि तथा सीपको प्रयोगमा निजीक्षेत्रको तुलनामा सहकारी क्षेत्र कमजोर स्थितिमा रहेकाले सहकारी संस्थाहरूको उत्पादन तथा सेवा प्रवाहमा तुलनात्मक लाभको स्थिति हासिल हुन सकेको छैन । यसैगरीसहकारी संस्थाहरूकोउत्पादन प्रायशः न्यून परिमाणमा हुने हुँदा परिमाणात्मक लाभको स्थिति (Economy of Scale) को फाइदा हासिल गर्न सकेका छैनन् ।

(न) सहकारी क्षेत्रको उत्पादकत्व बढाउन निजी क्षेत्रसँग अर्थपूर्ण सहकार्य हुन सकेको छैन । यी दुवै क्षेत्र अझै पनि टाढा रहेका र एकआपसमा अन्तरसम्बन्धनको अभाव रहेको छ । निजी क्षेत्रको उत्पादन तथा बजारीकरणसँग सहकारी क्षेत्रको अग्र सम्बन्धन (Forward Linkage) र पृष्ठ सम्बन्धनको (Backward linkage) विकास हुन नसकेबाट सहकारी क्षेत्रमा उत्पादनको आधार, उत्पादकत्व, बजारीकरण र व्यावसायिकतामा विस्तार हुन सकेको छैन ।

(प) सहकारी कानुनले विषयगत आधारमा विभिन्न प्रकारका सहकारीसंस्थाहरू स्थापना तथा सञ्चालन हुन सक्ने व्यवस्था गरेको छ । विद्यमानसहकारी संस्थाहरूको प्रकारलाई हेर्दा मुख्यतः कृषिजन्य उत्पादनमूलक सहकारी संस्था गैरकृषिजन्य उत्पादनमूलक (बहुउद्देश्यीयसमेत) सहकारी संस्था, वित्तीय (बचत तथा ऋण) सहकारी संस्था र सेवामूलक सहकारी संस्था गरी चार प्रकारमा वर्गीकृत गर्न सकिन्छ । तरः विद्यमान सहकारी नीति तथा कानुनले कस्ता सहकारी संस्थाहरूलाई प्राथमिकता दिने हो भन्ने सन्दर्भमा कुनै स्पष्टता छैन । यसबाट समग्र सहकारी क्षेत्र अन्योलग्रस्त बन्न गएको छ ।

(फ) सहकारी संस्था तथा सदस्यहरूको बढ्दो संख्या तथा विस्तारले गर्दा निरन्तर वृद्धि भइरहेको पदाधिकारी तथा कर्मचारीको ठूलो संख्यालाई समेट्ने गरी क्षमता विकास सम्बद्ध कार्यक्रमहरू केन्द्र,जिल्ला तथा स्थानीयस्तरमा सरकारी निकायद्वारा तालिम तथा अभिमुखीकरण लगायतका प्रवर्द्धनात्मक कार्यक्रमहरू आवश्यकताअनुसार सञ्चालन हुन सकेका छैनन् ।अर्कोतर्फ क्षमता विकासका लागि सम्बद्ध सहकारी संघहरूको पनि यथोचित ध्यान पुग्न सकेको पाइँदैन ।

(ब) साविकमा आर्थिक ऐनद्वारा ग्रामीण क्षेत्रमा रहेका सहकारी संस्थाहरूलाई आयकर छुट तथा अन्य सुविधाहरू उपलब्ध गराई आएकोमाहाल आएर धेरै ग्रामीणक्षेत्र नगरपालिकको सीमा क्षेत्रभित्र समावेश गरिएका कारणले कर छुट तथा अन्य सुविधाहरूबाट वञ्चित हुन गएका छन् । यसबाट नगरपालिकामा रूपान्तरण गरिएका ग्रामीण परिवेशका सहकारी संस्थाहरू थप समस्याग्रस्त हुन गएका छन् ।

(भ) औद्योगिक व्यवसाय ऐन, २०७३ अन्तर्गतसहकारी उद्योग व्यवसायले आधिकारिक रूपमा उद्योगको मान्यता पाउन सकेको छैन ।सहकारी ऐनमाउद्यमव्यवसाय सञ्चालनगर्नेगरी सहकारी संस्थाहरूले आयात गर्ने यन्त्र उपकरण तथाकच्चा पदार्थमाप्रचलित कानुनबमोजिम छुट सुविधा तथासहुलियत दिइने भनिएतापनिऔद्योगिक व्यवसाय ऐन, २०७३ द्वारानिजीक्षेत्रका उद्योग व्यवसायलाई दिइने आयकर, भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुट तथा सहुलियत सहकारी संस्थाद्वारासञ्चालितउद्योग व्यवसायलाई औद्योगिक व्यवसाय ऐन, २०७३ मानसमेटिएको हुँदासहकारी उद्योगले ती छुट तथा सुविधाहरू पाउनमा कठिनाइ पर्ने देखिन्छ। निजी क्षेत्रले पाउने करछुट तथा सुविधाहरूवाट सहकारी क्षेत्र वञ्चित हुने विद्यमान स्थितिमासहकारी क्षेत्रले तुलनात्मक लाभको स्थिति हासिल गर्न सक्ने सम्भावनान्यून रहेकोछ ।

(म) सहकारी संस्थाहरूको व्यवसाय विस्तारका लागिआयोजनागत आधारमा प्रदान गर्ने गरीजारी भएको"सहकारी संस्थालाई अनुदान प्रदान गर्नेनिर्देशिका, २०७३"को प्रभावकारिताबारे नतिजामा आधारित मूल्यांकन भएको छैन। अनुदानको कारणलेसहकारी व्यवसायको प्रवर्द्धनमा अनुकूल प्रभाव भन्दा अनुदानप्राप्त गर्नका लागिसहकारी संस्थाहरू स्थापना गर्ने र यस्ता कतिपय सहकारी संस्थाहरू रुग्ण रहेको समेत अध्ययनबाट पाइएकोछ ।

(य) सहकारी संस्थाहरूको बढ्दो संख्या, वार्षिक कारोबारमा भइरहेको निरन्तर वृद्धि, सहकारी क्षेत्र तथा वित्तीय संस्थाहरूसंगको प्रतिस्पर्धा र सहकारी व्यवस्थापनमा बढ्दो जटिलताजस्ता कारणहरूले गर्दा सहकारी संस्थाहरूको क्षमता विकास गर्नमा सरकारी क्षेत्र र राष्ट्रिय तथा विषयगत संघहरूबाट ठोस प्रयासहरू हुन सकेका छैनन् । एकदमै न्यून संख्याले मात्र तालिम तथा अभिमुखीकरण प्राप्त गर्न सकेका छन् । विशेष गरेर सहकारी लेखा, सहकारी व्यवस्थापन, नेतृत्व विकास र सहकारी ऋण व्यवस्थापन जस्ता विषयहरूमा दक्षताको अभाव देखिएको छ । यसबाट सहकारी क्षेत्रको उत्पादकत्व तथा कार्यदक्षतामा अपेक्षित सुधार हुन सकेको छैन । सहकारी विभागअन्तर्गतको तालिम कार्यक्रमहरू अपर्याप्त हुनुका साथै प्रभावकारी पनि पाइँदैनन् ।

(र) आर्थिक वर्ष २०७२/७३ सम्मको आँकडाअनुसार ६९ वटा जिल्ला संघ, २५६ वटा विषयगत जिल्ला सहकारी संघ, २० वटा विषयगत केन्द्रीय सहकारी संघ र राष्ट्रिय सहकारी संघ गरी जम्मा ३४६ वटा विभिन्न स्तरका सहकारी संघहरू र एउटा राष्ट्रिय सहकारी बैंकसमेत क्रियाशील रहेका र विषयगत केन्द्रीय सहकारी संघहरूमध्ये ११ वटा कृषिसँग मात्र सम्बन्धित भएको स्थितिमासहकारी अभियानमा बहुसंख्यक संघहरूको उपस्थिति समन्वयको अभाव एवं दोहोरोपनले प्रत्युत्पादक हुन सक्ने सम्भावना रहन्छ ।

(ल) हालको संवैधानिक व्यवस्थामासहकारी संघहरूको मौजुदा संरचनामा संघीयताको सन्दर्भमा प्रदेश विषयगत संघ र प्रदेश सहकारी संघहरू थप गरिँदासहकारी संरचनामा जटिलता थपिने सम्भावना देखिन्छ । राज्यशक्तिको संरचनागत बाँडफाँडअनुसार जिल्लास्तरमा समन्वयको कार्य मात्र हुने हुँदा जिल्लास्तरीय सहकारी संघ तथा विषयगत संघहरूको उपयोगिता एंव औचित्य न्यून हुने देखिन्छ ।

(व) सर्वसाधारण जनताको निमित सार्वजनिक सरोकारका सेवाहरू सस्तो, सुलभ र विश्वसनीय रूपमा उपलब्ध गराउने उदेश्यले सहकारी संरचनामा सञ्चालनमा रहेका साझा यातायात, साझा स्वास्थ्य सेवा र साझा प्रकाशन जस्ता सहकारी संस्थाहरूमासुशासन कायम हुन नसकी सरकारको बढी हस्तक्षेपले यस्ता संस्थाहरू रुग्ण एवं व्यवस्थापकीय रूपमा कमजोर अवस्थाबाट गुज्रन सक्ने सम्भावना रहेका छन् । यस्ता संस्थाहरूलाई विशेष प्रावधानहरूअन्तर्गत सहकारीको रूपमा क्रियाशील तुल्याउँदा सहकारीको मूल्य र सिद्धान्त प्रतिकूल हुन सक्नेछ ।